"समृद्ध गाउँपालिका र सुखी जनता"

# माईजोगमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०८३/८४
च.नं :

नयाँबजार, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८३।०४।०४
ने.सं.: ११४६ दिल्लाथ्व ६ सोमवार

सूचना ! सूचना !! सूचना !!!

बिषय - सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण तथा लाभग्राही सुचीकरण सम्वन्धमा ।

आर्थिक वर्ष. २०८३/०८४ को लागि सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले मिति २०८३ श्रावण १ गतेदेखि २०८३ असोज मसान्तसम्म आवश्यक कागजात सहित सम्वन्धित वडा कार्यलयमा आफै उपस्थित भई बायोमेट्रिक पद्दतिबाट नविकरण गराउनु हुन यो सूचना जारी गरिएको छ ।

**आवश्यक कागजातहरु**

- पासपोर्ट साईजको फोटो १ प्रति ।
- सामाजिक सुरक्षा भत्ता कार्ड (सक्कलै)
- बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिक बाहेक अन्य लाभग्राहीहरुलाई राष्ट्रिय परिचयपत्र नम्वर अनिवार्य गरिएको छ ।
- नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रमाण पत्र प्रतिलिपि , बालवालिकाको हकमा जन्मदर्ता र संरक्षकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र आफ्नो हेरचाह आफै गर्न नसक्ने, पूर्ण अपाडंगताको हकमा पूर्ण अपाङ्गता परिचय पत्र (रातो कार्ड) र संरक्षकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य लिएर आउनु पर्ने छ ।
- बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा संरक्षक उपस्थित भएर नविकरण गर्न सकिने । यस बाहेकको हकमा नविकरणको लागि आफै उपस्थित हुनु पर्ने छ ।
- समय अवधिभित्र नविकरण गर्न उपस्थित नभएमा प्रणालीले लाभग्राहीको विवरण लगत कट्टा गरिदिनेछ । पूनः लाभग्राहीमा सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ वमोजिम निवेदन दिन सकिने छ ।

०४।०४
करुणा नेपाल
नि.कार्यालय प्रमुख
नि. कार्यालय प्रमुख

"कोशीको गौरव हिमालको सान, पर्यटन वर्षमा सबैलाई सम्मान"
Phone No:- 027411044, website:- www.maijogmaimun.gov.np
Email:-maijogmaigaupalika@gmail.com

CamScanner